# १४

# सैनिक र वन्यजन्तुको ज्यादती रोक्न निकुञ्ज तथा आरक्षपीडितहरूको माग

"हामी महिलाहरूलाई वनजङ्गल गएको बेलामा आरक्षका सेनाहरूले पक्रिन्छन्। नाङ्गै पारेर नाच्न लागाउँछन् र झाडीमा लगेर बलात्कार गर्छन्। सरकारले हामीलाई अन्तै लगेर पुनर्वास गराओस् हैन भने कि त आरक्षबाट सैनिक हटाओस् कि जनतालाई मारिदेओस्।"

*-कोशीटप्पु वन्यजन्तु आरक्षका सेनाहरूबाट पीडित बीबी फत्तामा पिप्रा-८, सप्तरी।*

"मेरी माइजू दुई दिनकी सुत्केरी हुनुहुन्थ्यो। घरका लोग्ने मान्छेहरू नारायणी नदीमा माछा मार्न गएका थिए। राती १२ बजेतिर रक्सीले टन्न मातेर निकुञ्जका ४ जना सेनाहरू आएर रातभरि माइजूलाई बलात्कार गरे। यस्तो कुराको उजुरी गरेको थाहा पाए भने बन्दुक देखाएर मार्ने धम्की दिन्छन्। यस्तो बर्बर यातना कहिलेसम्म सहने?"

*-शाही चितवन राष्ट्रिय निकुञ्जका सेनाहरूबाट पीडित हिराकुमारी माझी, पिठौली गाविस - ६, नवलपरासी।*

## एउटै पीडा

चाहे कोशी टप्पु वन्यजन्तु आरक्षबाट पीडित सप्तरी र सुनसरीका बासिन्दाहरू हुन् या शाही बर्दिया राष्ट्रिय निकुञ्ज र शाही चितवन राष्ट्रिय निकुञ्जबाट पीडित बर्दिया र नवलपरासीका बासिन्दाहरू हुन्, सबैको एउटै चित्कार छ, एउटै पीडा छ।

वर्षौंदेखि शाही बर्दिया राष्ट्रिय निकुञ्ज, शाही चितवन राष्ट्रिय निकुञ्ज र कोशी टप्पु वन्यजन्तु आरक्षका वन्यजन्तु र सैनिकहरूबाट पीडित हुँदै आएका स्थानीय भेला भएर आफ्ना पीडा यसरी सार्वजनिक गरे।

कतिपयले शाही सेनाका बुटबाट खुस्किएका करङका हड्डीहरू देखाए भने कतिले हात्ती, अर्ना, भैंसी र गैंडाको आक्रमणले अङ्गभङ्ग भएको पनि देखाए।

सेनाहरूबाट बलात्कृत भएका चेलीहरूको विवाहको समस्या भएको र बिहे भएर माइत आएकाहरूलाई उनीहरूका श्रीमान्ले अस्वीकार गर्दा जीवन नै तहसनहस भएको पीडा पनि उनीहरूले सुनाए।

*विकास,* ८(१५): २२-२३, मंसीर २०५६ मा प्रकाशित।

जङ्गलमा दाउरा लिन जाँदा पनि १८ दिनसम्म थुन्ने र यातना दिने गरेको तथा १२ वर्षको बालकदेखि ६८ वर्षको बृद्धसम्म शाही सेनाको अमानवीय व्यवहारको शिकार भएको गुनासो उनीहरूको छ ।

निकुञ्ज र आरक्षका सैनिकहरूको ज्यादतीबारे उजुरी गरौँ, वन्यजन्तुको पीडा व्यक्त गरौँ भने सुनिदिने निकाय छैन, नभनौँ भने निकुञ्ज र आरक्ष वरपर बस्नसक्ने स्थिति नै छैन । पीडितहरूले सार्वजनिक रूपमा भन्न थालेका छन्- "कि सैनिकलाई नराख, सैनिकलाई राख्ने नै हो भने स्थानीय जनतालाई मारिदेऊ या अन्तै लगेर रोजीरोटीको व्यवस्था गरेर पुनर्वास गराऊ ।"

कर्णालीको बालुवामा सुन चालेर जीविकोपार्जन गर्ने सुनार समुदायकी मीना सुनहारको सुन चाल्दा सैनिकले र सामुदायिक वनका पदाधिकारीले सुन खोसेको, दुर्व्यवहार गरेको पीडादेखि नवलपरासी लौकाडाचौरका तेजबहादुर माझी, अम्बर बहादुर माझी, मधुमाया बोटेको माछा मार्न जाँदा सेनाले माछा खोस्ने गरेको, यातना दिने गरेको र दुर्व्यवहार गरेको पीडा उनीहरूले सार्वजनिक गरे । निकुञ्ज बन्नुअघि पुर्खौंदेखि गर्दै आएको पराम्परागत पेशामाथि यसरी रोक लाग्दा बालबच्चा भोकै पर्ने उनीहरूको सामूहिक कथन थियो ।

महिलाहरूमाथि दुर्व्यवहार गर्ने, केटाकेटीहरूलाई समेत यातना दिने, निकुञ्जका अर्नाले खेतीबाली नष्ट गरिदिने समस्यादेखि बर्दियाको नैनसरा शाहीको सेनाको यातनाको पीडा होस् वा पिठौली गाविसका अध्यक्ष लोकनाथ काफ्लेलाई गैँडाले हानेर घाइते पारेको, नैनबहादुर विकका दुई वर्षे छोरालाई हात्तीले टिपेर पछारेको पीडासम्म उनीहरूले व्यक्त गरे ।

निकुञ्ज र आरक्षपीडित जनताहरूको एउटै माग थियो- "स्पष्ट नीति नियम बनाएर, सेनाको र निकुञ्जको क्षेत्र तोकेर हामीलाई सुरक्षासाथ आफ्नो परम्परागत पेशा गरेर खान र बाँच्न दिनुपर्‍यो ।"

वन्यजन्तुबाट पीडित जनताका लागि गैरसरकारी क्षेत्र कार्यरत भए पनि उनीहरूले साक्षरता कार्यक्रम र काठेपुल बनाउनेजस्ता कार्यक्रम मात्र गर्ने गरेकाले उपयोगी नभएको धारणा उनीहरूको थियो । उनीहरूको प्रश्न थियो- "अर्नाले 'भुँडी' चिर्छ, काठेपुल बनाएर हाम्रा लागि के काम भयो र ?"

कार्यक्रममा बेल्चरीदेवी महतो, बरन साह (सप्तरी), मधुमाया बोटे (नवलपरासी), उदयबहादुर शाह, कृष्णसिंह, नैनसरा शाही, नैनबहादुर विक (बर्दिया) लगायतका वक्ताहरूले आफूले पाएको यातना सुनाएका थिए । (...) ♦